# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : ३ मिति : २०७६।०३।२३

## भाग- १
## सुनिल स्मृति गाउँपालिका
### सुलीचौर, रोल्पा प्रदेश नं. ५, नेपाल

# विनियोजन ऐन, २०७६

*सभाबाट स्वीकृत मिति : २०७६।०३।२३*

**प्रस्तावना :**

सुनिल स्मृति गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम सुनिल स्मृति गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम ‘सुनिल स्मृति गाउँपालिकाको विनियोजन ऐन, २०७६’ रहेको छ । (२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.	आर्थिक वर्ष २०७६/०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :

(१) आर्थिक वर्ष २०७६/०७७ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखा तथा विभिन्न साझेदार संघ संस्थाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४६,१७,७३,००० (अक्षेरुपी छयालिस करोड दश लाख त्रिहत्तर हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३.	विनियोजन :

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त सुनिल स्मृति गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची-१
(दफा २ सँग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ५,४०,८४,००० | १०,२०,९३,००० | ० | १५,६१,७७,००० |
| २ | | वडा समिति | ५९,१६,००० | ६८,५८०,००० | ० | ७,४४,९६,००० |
| ३ | | विषयगत शाखा | ० | ० | ० | ० |
| ४ | | ऋणको सावा ब्याज भुक्तानी | ० | ० | ० | ० |
| ५ | | सामाजिक सुरक्षा भत्ता | ४,२५,००,००० | ० | ० | ४,२५,००,००० |
| ६ | | ससर्त | १८,३४,००,००० | ० | ० | १८,३४,००,००० |
| ७ | | विशेष अनुदान | ५२,००,००० | ० | ० | ५२,००,००० |
| ८ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| जम्मा | | | २८,५९,००,००० | १७,०६,७३,००० | ५२,००,००० | ४६,१७,७३,००० |

आज्ञाले,

**लेखनाथ न्यौपाने**

प्रमुख प्रशासकीय अधिकृत